पुथा उत्तरगङ्गा गाउँपालिकाको राजश्व सङ्कलन र अर्थ व्यवस्थालाई व्यवस्थित गर्न बनेको ऐन, २०८२

प्रस्तावनाः पुथा उत्तरगङ्गा गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को राजश्व सङ्कलन र अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले पुथा उत्तरगङ्गा गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "**आर्थिक ऐन, २०८२**" रहेको छ ।
(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि पुथा उत्तरगङ्गा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

१.२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐन मा,

क) "**ऐन**" भन्नाले पुथा उत्तरगङ्गा गाउँपालिकाको आर्थिक ऐन, २०८२ सम्झनु पर्छ ।
ख) "**कार्यपालिका**" भन्नाले पुथा उत्तरगङ्गा गाउँ कार्यपालिका सम्झनु पर्छ ।
ग) "**गाउँपालिका**" भन्नाले पुथा उत्तरगङ्गा गाउँपालिका सम्झनु पर्छ ।
घ) "**फर्म**" भन्नाले प्रचलित कानुनबमोजिम दर्ता भए वा नभएको जुनसुकै फर्म सम्झनु पर्छ ।
ङ) "**व्यक्ति**" भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ ।
च) "**सभा**" भन्नाले पुथा उत्तरगङ्गा गाउँपालिकाको सभा सम्झनु पर्छ ।
छ) "**संविधान**" भन्नाले नेपालको संविधान,२०७२ लाई सम्झनुपर्छ ।

२. सम्पति करः गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर/घरजग्गा/भूमिकर लगाइने र असूल उपर गरिनेछ ।

३. घर/जग्गा वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. जडिबुटी, कवाडी र जीवजन्तु करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. सवारी साधन प्रवेश शुल्कः गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

पुथा उत्तरगङ्गा गाउँपालिका

७. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. मनोरन्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. पार्किङ शुल्क : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. सेवा शुल्क, नाता प्रमाणित तथा व्यक्तिगत घटना दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. जलस्रोत सम्बन्धी अन्य दस्तुर : गाउँपालिका क्षेत्रभित्र अनुसूची (११) मा उल्लिखित स्थानीय जलस्रोत प्रयोग गरेवापत सोहि अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. परीक्षा आवेदन शुल्क : गाउँपालिकाले सेवा करारमा शिक्षक/कर्मचारी पदपूर्ति गर्दा अनुसूची(१२) मा उल्लिखित अनुसूचीमा व्यवस्था भए बमोजिम शुल्क लगाइने छ ।

१४. अन्य प्रशासनिक सेवा शुल्क : गाउँपालिकाले आफ्नो स्थानीय तहमा निर्माण हुने योजनाहरूको कार्यान्वयनका लागि टेण्डर आह्वान गर्दा अनुसूची (१३) मा भएको व्यवस्था बमोजिम शुल्क लगाइने छ ।

१५. पर्यटन शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१४) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१६. सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय : गाउँपालिकाले निर्माण गरेको संरचना, गाउँपालिकाको स्वामित्त्वमा भएका अन्य सम्पत्तिहरू अन्य निकाय/व्यक्तिले प्रयोग गरेवापत सो को राजस्व अनुसूची (१५) मा भएको व्यवस्था बमोजिम असुली गर्नेछ ।

१७. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

छत्रदेव गाउँपालिका

१८. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनुसूची -१
(दफा २ सँग सम्बन्धित)
सम्पत्ति कर

-रकम रु.मा

१	सम्पत्ति कर		
क्र.सं.	विवरण	विस्तृत विवरण	दर (वर्ष/रु.)
१	पक्की घर	RCC ढलान घर	३०
२	पक्की घर	माटो र ढुङ्गाले बनेको तर प्लाष्टर गरिएको	२०
३	कच्ची घर	माटो र ढुङ्गाले बनेको सिलेट ढुङ्गाले छाएको	१५
४	कच्ची घर	माटो र ढुङ्गाले बनेको जस्ता पाताको छाना भएको	१५
५	कच्ची घर	माटो र ढुङ्गाले बनेको खरको छाना भएको	१०
२	भूमिकर/मालपोत (प्रति रोपनी)		
१		अब्बल	१५
२		दोयम	१२
३		सिम	१०
४		चहार	१०

नोट : विगत वर्षहरूको मालपोत बक्यौता असुली गर्दा प्रति वर्गका दरले मौजुदा ऐनको दर बमोजिम २५% प्रतिशत हर्जना लाग्ने छ ।

अनुसूची-२
(दफा ३ सँग सम्बन्धित)
घर/जग्गा बहाल कर

-रकम रु.मा

क्र.सं.	करको विवरण	वार्षिक दर
१.	घर/जग्गा भाडा	सम्झौता रकमको १० प्रतिशत

अनुसूची -३
(दफा ४ सँग सम्बन्धित)
व्यवसाय कर

-रकम रु.मा

क्र.सं.	करका दरको विवरण	दर (रु.)
१.	**बिक्री, मर्मत तथा सम्भार सेवा तर्फ**	
१.१.	मोटर साइकल मर्मत	२०००
१.२.	रेडियो, घडी, मोबाइल तथा विभिन्न उपकरण बिक्री तथा मर्मत	१०००

पुथा उत्तरगङ्गा गाउँपालिका

२	**स्वास्थ्य सेवा तर्फ**	
२.१	एक्सरे ल्याव सुविधा सहितको डाक्टर सेवा भएको पोलिक्लिनिक	५०००
२.२	औषधी फुटकर पसल	२५००
३	**शिक्षा सेवा**	
३.१	निजि स्तरका आधारभूत विद्यालय	१००००
३.२	कम्प्युटर इन्स्टिच्यूट/ट्यूशन सेन्टर	३०००
४.	**सञ्चार सेवा**	
४.१	प्रिन्ट/फोटोकपी/फोटो स्टुडियो	१०००
४.२	वायरलेस नेटवर्क सञ्चालक	३०००
४.३	फाइबर नेटवर्क सञ्चालक	५०००
५	**छपाई तथा प्रकाशन, स्टेशनरी, पुस्तक पसल**	
५.१	अफसेट प्रेस	५०००
५.२	साधारण प्रेस	२०००
५.३	स्टेशनरी	१५००
५.४	पुस्तक पसल	१५००
५.५	छपाई तथा स्टेशनरी एउटैमा भएको पसल (अफसेट सहितको)	६०००
५.६	छपाई तथा स्टेशनरी एउटैमा भएको पसल (साधारण)	३५००
५.७	अफसेट, फोटो स्टुडियो, स्टेशनरी एउटैमा भएको	६५००
६.	**वित्तीय सेवा**	
६.१	क वर्गको बैंक तथा वित्तीय संस्था	२००००
६.२	घ वर्गका बैंक तथा वित्तीय संस्था	१२०००
६.३	बचत तथा ऋण सहकारी संस्था	५०००
६.४	बीमा कम्पनी शाखा कार्यालय	१००००
६.५	गैर सरकारी संस्था	२०००
७	**सामुदायिक/निजी होमस्टे/होटेल**	
७.१	१-५ वटा सम्म बेड क्षमता भएको	१०००
७.२	६-१० वटा सम्म बेड क्षमता भएको	२०००
७.३	१० वटा भन्दा बढी बेड क्षमता भएको	३०००
७.४	मदिरा बिक्री अनुमति पत्र (बुँदा नं. ७.१, ७.२, ७.३) को हकमा लागु हुने	५००
८	**चिया, नास्ता तथा चाट पसल**	
८.१	मिष्ठान भण्डार सहितको चिया नास्ता पसल	१०००
८.२	ग्रामीण क्षेत्रको चिया नास्ता पसल	८००
८.३	चाट/चटपटे पसल	३००
९	**सुनचाँदी पसल**	
९.१	साना तथा हाते गहना बनाई बिक्री तथा मर्मत गर्ने पसल	२५००
१०	**मदिरा पसल/मदिरा उद्योग**	
१०.१	मदिरा बिक्री अनुमति पत्र (पसलको हकमा)	२०००
१०.२	मदिरा बिक्री अनुमति पत्र (डिलरको हकमा)	५०००

१०.३	स्थानीय मदिरा उद्योग	१००००
१०.४	साना तथा स्थानीय मदिरा उत्पादन केन्द्र	१०००
११.	**मासु पसल**	
११.१	कुखुरा मासु बेच्ने पसल	१०००
११.२	एकभन्दा बढी आइटम राखी मासु बेच्ने पसल	२०००
११.३	राँगा, खसी र बंगुर मध्ये कुनै एकको मात्र मासु बेच्ने पसल	१०००
११.४	माछाको मासु बेच्ने पसल	१०००
१२.	**स्टिल, काठ फर्निचर, ग्रील उद्योग, हार्डवेयर**	
१२.१	फर्निचर उद्योग (५ लाख भन्दा कम पुँजी भएको)	५०००
१२.२	फर्निचर उद्योग (५ लाख भन्दा बढी पुँजी भएको)	१००००
१२.३	स्टिल/ग्रील सप्लायर्स	५०००
१२.४	हार्डवेयर	५०००
१२.५	भाडा पसल	२०००
१२.६	हार्डवेयर र ग्रील दुवै गर्नेलाई	१००००
१२.७	चेन्सर मेसिन सञ्चालन अनुमति पत्र	२०००
१३.	**बेकरी उद्योग र बेकरी पसल (पाउरोटी/केक)**	
१३.१	उद्योग	१०००
१३.२	बिक्री पसल	५००
१३.३	उद्योग र पसल दुवै गर्नेलाई	१५००
१४.	**तरकारी र फलफुल पसल**	
१४.१	थोक पसल	१२००
१४.२	खुद्रा पसल	८००
१५.	**खाद्य, किराना, फेन्सी तथा जुत्ता पसल**	
१५.१	उच्च स्तरको थोक सहितको किराना तथा खाद्य पसल (गल्ला होलसेल)	२५००
१५.२	दैनिक उपभोग्य खाद्य पसल	१०००
१५.३	किराना पसल	१०००
१५.४	खुद्रा पसल	५००
१५.५	गल्ला/होलसेल फेन्सी तथा जुत्ता पसल	३०००
१५.६	फेन्सी पसल	२०००
१५.७	जुत्ता पसल	२०००
१५.८	उन तथा उनको कपडाको फुटकर बिक्रेता	१००
१५.९	निम्न स्तरको पसल	५००
१६.	**ग्याँस/इन्धन बिक्रेता**	
१६.१	ग्याँस डिलर	३०००
१६.२	ग्याँस फुटकर बिक्रेता	२०००
१६.३	डिजेल/पेट्रोल बिक्रेता	५०००
१६.४	भाँगोजन्य पदार्थबाट उत्पादन भएका तेल थोक बिक्रेता (जिल्ला भित्र बिक्री गर्ने)	२०००
१६.५	भाँगोजन्य पदार्थबाट उत्पादन भएका तेल थोक बिक्रेता (जिल्ला बाहिर बिक्री गर्ने)	५०००

१७.	**प्लाष्टिक जन्य पसल**	
१७.१	थोक पसल	१०००
१७.२	खुद्रा पसल	५००
१८.	**कृषि तथा पशुपन्छी व्यवसाय तथा फर्म**	
१८.१	५०० भन्दा बढी कुखुरा पाल्ने फर्म	१०००
१८.२	२००-५०० सम्म कुखुरा पाल्ने फर्म	५००
१८.३	२०० भन्दा कम कुखुरा पाल्ने फर्म	३००
१८.४	२०० भन्दा बढी बाख्रा/भेडा पाल्ने फर्म	१५००
१८.५	१००-२०० सम्म बाख्रा/भेडा पाल्ने फर्म	१०००
१८.६	१०० भन्दा कम बाख्रा/भेडा पाल्ने फर्म	८००
१८.७	भैसी पालन फर्म	१०००
१८.८	बंगुर पालन फर्म	१०००
१८.९	कृषि तथा पशु समुह	१०००
१८.१०	कृषि पकेट तथा ब्लक दर्ता	१०००
१९.	**शैलुन, ब्युटी पार्लर, कस्मेटिक र टेलर**	
१९.१	शैलुन (२ वटा भन्दा बढी सिट क्षमता भएको)	१५००
१९.२	शैलुन (१ वटा सिट क्षमता भएको)	१०००
१९.३	ब्युटी पार्लर	१०००
१९.४	टेलर (२ वटा भन्दा बढी मेशिन राखेको)	१०००
१९.५	टेलर (१ वटा मेशिन भएको)	५००
१९.६	टेलर (२ वटा भन्दा बढी मेशिन राखेको) र कस्मेटिक पसल सँगै भएको	१५००
१९.७	टेलर (१ वटा मेशिन राखेको) र कस्मेटिक पसल सँगै भएको	८००
१९.८	कस्मेटिक पसल	५००
१९.९	ब्युटी पार्लर र कस्मेटिक पसल सँगै भएको	१०००
२०.	**स्नुकर, पुल हाउस, स्केट पार्क**	
२०.१	स्नुकर र पुल हाउस	१५००
२०.२	स्केट पार्क	१५००
२०.३	स्नुकर, पुल हाउस र स्केट पार्क	२५००
२१.	**विशेष परामर्श तथा अन्य व्यावसायिक सेवा**	
२१.१	लेखापढी व्यवसाय	१०००
२१.२	अनुसन्धानकर्ता तथा परामर्श दाता व्यवसाय (५ लाख भन्दा बढी पुँजीको सेवा दिने)	१००००
२१.३	अनुसन्धानकर्ता तथा परामर्श दाता व्यवसाय (२ लाख देखि ५ लाख सम्म पुँजीको सेवा दिने)	५०००
२१.४	अनुसन्धानकर्ता तथा परामर्श दाता व्यवसाय (२ लाख सम्मको सेवा दिने)	२०००
२१.५	साइन बोर्ड बनाउने पेन्टिङ सेवा	१०००
२१.६	फुल र बिरुवा बिक्रेता नर्सरी व्यवसाय	१०००
२१.७	सिसा, प्लाइउड बिक्रेता व्यवसाय	१०००
२१.८	खेलौना र उपहार गिफ्ट बिक्रेता व्यवसाय	५००

२२.	**निर्माण सेवा**	
२२.१	गाउँपालिकामा दर्ता हुने घ वर्गको इजाजत पत्र	२००००
२२.२	चालु आर्थिक वर्षमा कुनैपनि निर्माण सम्बन्धी कार्य नगरेको निर्माण व्यवसाय नवीकरण शुल्क	८०००
२२.३	वार्षिक ५० लाख भन्दा कम कारोबार गर्ने निर्माण व्यवसाय नवीकरण शुल्क	१२०००
२२.४	वार्षिक ५० लाख भन्दा बढी कारोबार गर्ने निर्माण व्यवसाय नवीकरण शुल्क	१५०००
२३.	**औद्योगिक कारखाना तथा उद्योगहरू**	
२३.१	चाउमिन उत्पादन उद्योग	१०००
२३.२	सावुन सोडा उत्पादन उद्योग	१०००
२३.३	पानी/बिजुली/अन्य इन्धनबाट चल्ने मिल	१०००
२३.४	३ महिना चल्ने पानी घट्ट	१००
२३.५	६ महिना चल्ने पानी घट्ट	२००
२३.६	९ महिना वा सो भन्दा बढी चल्ने पानी घट्ट	३००
२३.७	क्रसर उद्योग	२००००
२३.८	भांगोजन्य पदार्थको तेल उद्योग (१ करोड सम्म पुँजी भएको)	७०००
२३.९	भांगोजन्य पदार्थको तेल उद्योग (१ करोड भन्दा बढी पुँजी भएको)	१५०००
२३.१०	भांगोजन्य पदार्थबाट बन्ने कपडा उद्योग (१ करोड सम्म पुँजी भएको)	७०००
२३.११	भांगोजन्य पदार्थबाट बन्ने कपडा उद्योग (१ करोड भन्दा बढी पुँजी भएको)	१५०००
२४.	**घुमन्ते/फिरन्ते व्यापारी**	
२४.१	चार पाङ्ग्रे सवारीमा मालसामान बिक्री गर्न आउने प्रति पटक	१०००
२४.२	झोला/कुम्लामा व्यापार गर्ने व्यक्ति (१ हप्तासम्म)	७००
२४.३	झोला/कुम्लामा व्यापार गर्ने व्यक्ति (२ हप्तासम्म)	१२००
२४.४	झोला/कुम्लामा व्यापार गर्ने व्यक्ति (३ हप्तासम्म)	२०००
२४.५	झोला/कुम्लामा व्यापार गर्ने व्यक्ति (१ महिनासम्म)	३०००
२४.६	कपाल खरिद गर्ने व्यापारी	५००
२५.	**आमा/महिला समूह/क्लब**	१०००
२६.	**सम्पूर्ण व्यवसायको नवीकरण (घ वर्ग इजाजत पत्र बाहेक)**	दर्ता शुल्कको ४० प्रतिशत
२७.	**दर्ता प्रमाणपत्र प्रतिलिपी**	५००
२८.	**अन्य नतोकिएका व्यवसाय**	१०००
२९.	**भांगोजन्य पदार्थको उत्पादन अनुमति (कानुनले निषेधित गरेका बाहेक)-व्यक्तिगत**	१०००
३०.	**भांगोजन्य पदार्थको उत्पादन अनुमति (कानुनले निषेधित गरेका बाहेक)-व्यावसायिक**	५०००
३१.	**फर्म/कम्पनी सूची दर्ता**	१०००

माथि उल्लेखित बुँदा नं. २६ र २७ बाहेकका बुँदाहरूको हकमा प्रत्येक आर्थिक वर्षमा व्यवसाय कर तिरी नवीकरण गर्नुपर्ने छ । व्यवसाय नवीकरण नगरेमा नवीकरण शुल्कको १०% जरिवाना लाग्ने छ ।

अनुसूची -४

(दफा ५ सँग सम्बन्धित)

जडिबुटी, कवाडी र जीवजन्तु कर

पुर्था उत्तरगंगा गाउँपालिका

-रकम रु.मा

क्र.सं.	विवरण	दर	कैफियत
१	यार्सागुम्बा सङ्कलन अनुमति (व्यावसायिक रुपमा खरिदकर्ताहरूका लागि)	प्रतिकिलो १००००	आयात निर्यातमा लाग्ने
	यार्सागुम्बा सङ्कलन अनुमति (व्यक्तिगत रुपमा सङ्कलनकर्ताका लागि)	सम्बन्धित वडाको हकमा २००० सम्बन्धित पालिकाको हकमा २५०० सम्बन्धित जिल्लाबासीको हकमा ३००० बाह्य जिल्लाको हकमा ३५००	
२	कवाडी माल	प्रतिकिलो रु.५	आयात निर्यातमा लाग्ने
३	अन्य जडिबुटी	प्रचलित बजार मूल्यको ५ प्रतिशत	आयात निर्यातमा लाग्ने
४	खोटो	प्रतिकिलो रु. ५	आयात निर्यातमा लाग्ने
५	काठ प्रतिघनफिट	रु५.	आयात निर्यातमा लाग्ने
६	कानूनले निषेधित गरेका बाहेक अन्य मृत जनावरका हाड सिंग, छाला, प्वाँख आदि	कुल मूल्यको २ प्रतिशत	आयात निर्यातमा लाग्ने
७	यार्सागुम्बा बाट प्राप्त हुने राजश्व	कुल सङ्कलनको ४० प्रतिशत	बाँकी ६० प्रतिशत सम्बन्धित वडामा बजेट शिलिङ मार्फत
८	ढुङ्गा तथा नदीजन्य पदार्थ	प्रति क्यूफिट रु ६	खरिद/बिक्री वापत
		प्रति घनमिटर रु २१०	खरिद/बिक्री वापत
		प्रति ट्र्याक्टर रु ५२५	खरिद/बिक्री वापत
		प्रति ट्रिपर ४ चक्के रु १६८०	खरिद/बिक्री वापत
		प्रति ट्रिपर ८ चक्के रु ३३६०	खरिद/बिक्री वापत
१०	भिर मौरीको मह	प्रतिकिलो रु ५०	निर्यातमा लाग्ने
११	फलफुल	प्रतिकिलो रु १	आयातमा लाग्ने
१२	तरकारी	प्रतिकिलो रु १	आयातमा लाग्ने
१३	दूध	प्रति लिटर रु १	आयातमा लाग्ने
१४	खसी, बोका, सङ्गुर तथा बङ्गुर	प्रतिगोटा १००	निर्यातमा लाग्ने
१५	ठूला पशु तथा चौपाया	प्रतिगोटा १००	निर्यातमा लाग्ने
१६	कुखुरा	प्रतिगोटा ५	आयात निर्यातमा लाग्ने
१७	अण्डा	प्रति गोटा रु १	निर्यातमा लाग्ने
१८	बुद्ध चित्तको फल (माला बनाउन मिल्ने)- क श्रेणी	३००००	निर्यातमा लाग्ने
१९	बुद्ध चित्तको फल (माला बनाउन मिल्ने)- ख श्रेणी	१८०००	निर्यातमा लाग्ने
२०	बुद्ध चित्तको फल (माला बनाउन मिल्ने)- ग श्रेणी	१००००	निर्यातमा लाग्ने

अनुसूची -५
(दफा ६ सँग सम्बन्धित)

१. सवारी साधन प्रवेश शुल्क

-रकम रु.मा

क्र.सं.	विवरण	दर	कैफियत
१	मोटरसाइकल	०	प्रतिदिन प्रवेश शुल्क
२	रिक्सा	०	प्रतिदिन प्रवेश शुल्क
३	बस	१००	प्रतिदिन प्रवेश शुल्क
४	ट्रक	२००	प्रतिदिन प्रवेश शुल्क
५	ट्र्याक्टर	१००	प्रतिदिन प्रवेश शुल्क
६	जीप, माइक्रोबस, भ्यान	१००	प्रतिदिन प्रवेश शुल्क
७	ट्रिपर	१००	प्रतिदिन प्रवेश शुल्क
८	मिनि ट्रक	१००	प्रतिदिन प्रवेश शुल्क
९	एक्साभेटर, अर्थ मुभर्स	३००० मासिक	
१०	प्राइभेट जीप कार भ्यान	२५	प्रतिदिन प्रवेश शुल्क
११	रिजर्भ गरिएको गाडी	५०० प्रति पटक	प्रतिदिन प्रवेश शुल्क

२. सवारी सञ्चालन अनुमति शुल्क

- रकम रु.मा

क्र.सं.	विवरण	अनुमति शुल्क
१	बस	२०००
२	माइक्रोबस	२०००
३	ट्याक्सी	५००
४	हाइस	२०००
५	जीप	२०००
६	पिकअप	३०००
७	ट्रिपर	३०००
८	ट्रक	३०००
९	जेसीभी लोडर	५०००
१०	एक्साभेटर	५०००
११	ट्र्याकटर	३०००

अनुसूची -६
(दफा ७ सँग सम्बन्धित)

विज्ञापन कर

-रकम रु.मा

क्र.सं.	विवरण	दर	कैफियत
१	होर्डिङ बोर्ड प्रति वर्ग फिट	रु.५	
२	रंगीन विज्ञापन	छपाइ शुल्कको १० प्रतिशत	
३	सादा पोष्टर, पम्पलेट	प्रति पोष्टर रु १	

अनुसूची -७
(दफा ८ सँग सम्बन्धित)
मनोरञ्जन कर

-रकम रु.मा

क्र.सं.	विवरण	दर	कैफियत
१	मेला महोत्सव लगायत अन्य मनोरञ्जनात्मक कार्यक्रम	प्रतिदिन रु.१०००	

अनुसूची -८
(दफा ९ सँग सम्बन्धित)
बहाल विटौरी शुल्क

-रकम रु.मा

क्र.सं.	विवरण	दर	कैफियत
१	सार्वजनिक स्थलमा ढुङ्गा गिट्टी बालुवा थुपार्न मिल्ने अवस्थामा थुपारे वापत	रु ५	प्रतिदिन प्रति वर्गमिटर

अनुसूची -९
(दफा १० सँग सम्बन्धित)
पार्किङ्ग शुल्क

-रकम रु.मा

क्र.सं.	विवरण	दर	कै.
१	दुई पांग्रे	तीन घण्टा सम्म रु.५ र सो भन्दा बढी प्रतिघण्टा रु.१०	
२	चार पांग्रे	प्रति घण्टा रु.१०	

अनुसूची -१०
(दफा ११ सँग सम्बन्धित)
सेवा शुल्क, नाता प्रमाणित तथा व्यक्तिगत घटना दस्तुर

९.१. सेवा शुल्क - रकम रु.मा

क्र.सं.	विवरण	दर	कै.
१	घर जग्गा नामसारी सिफारिस	२००	
२	मोही लगत कट्टा	२००	
३	घर कायम सिफारिस	२००	
४	छात्रवृत्ति सिफारिस	५००	
५	विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस	निशुल्क	
६	अपाङ्ग सिफारिस	०	
७	अस्थाई बसोवास सिफारिस	१०००	

८	स्थाई बसोवास सिफारिस	२००	
९	नागरिकता सिफारिस	२००	
१०	नागरिकता प्रतिलिपि सिफारिस	५०० विपदमा परेकाको हकमा निशुल्क	
११	अंगीकृत नागरिकता सिफारिस	१०००	
१२	आर्थिक अवस्था सिफारिस (बलियो)	३०००	
१३	आर्थिक अवस्था सिफारिस (कमजोर)	०	
१४	विद्युत जडान सिफारिस	१००	
१५	धारा जडान सिफारिस	५०	
१६	जिवित रहेको सिफारिस	२००	
१७	दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस, फरक जन्म मिति संशोधन सिफारिस	२००	
१८	जग्गा मूल्याङ्कन सिफारिस	मूल्याङ्कन रकमको ०.२%	
१९	व्यवसाय बन्द सिफारिस	१००	
२०	व्यवसाय सञ्चालन नभएको सिफारिस	१००	
२१	अदालत शुल्क मिनाहा सिफारिस	०	
२२	व्यापार ठाउसारी सिफारिस	२००	
२३	चौपाया सम्बन्धी सिफारिस	१००	
२४	नाबालक परिचय पत्र सिफारिस	२००	
२५	आन्तरिक बसाईसराई सिफारिस	२००	
२६	विद्यालय सञ्चालन तथा कक्षा वृद्दि सिफारिस	५००	
२७	पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस	१०००	
२८	व्यक्तिगत विवरण सिफारिस	२००	
२९	जग्गा दर्ता सिफारिस (प्रति रोपनी)	१००	
३०	संरक्षक सिफारिस (व्यक्तिगत)	२००	
३१	संरक्षक सिफारिस (संस्थागत)	५००	
३२	नाता प्रमाणित सिफारिस (नेपाली)	५००	
३३	जिवितसँगको नाता प्रमाणित सिफारिस	२००	
३४	मृतकसँगको नाता प्रमाणित सिफारिस	२००	
३५	कोठा खोल्न रोहबरमा बस्ने कार्य	१०००	
३६	अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने (महत्त्वपूर्ण विवरण)	५००	
३७	घर बाटो प्रमाणित	५००	
३८	कागज मञ्जुरीनामा प्रमाणित/कपाली तमसुक प्रमाणित (दश लाख सम्मको)	५००	
३९	निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस	०	*
४०	संस्था दर्ता सिफारिस (नाफामुखी)	२५००	
४१	संस्था दर्ता सिफारिस (गैर नाफामुखी)	१०००	

४२	घर बाटो कायम सिफारिस	२००	
४३	चार किल्ला प्रमाणित सिफारिस	५००	
४४	जन्म मिति प्रमाणित	२००	
४५	विवाह प्रमाणित	२००	
४६	घर पाताल प्रमाणित	२००	
४७	फरक फरक नामथर सिफारिस प्रमाणित	२००	
४८	फरक फरक जन्ममिति सिफारिस प्रमाणित	२००	
४९	मञ्जुरीनामा प्रमाणित	२००	
५०	संरक्षक प्रमाणित	२००	
५१	हकदार प्रमाणित	२००, सर्जमीन मुचुल्का भए ५००	
५२	अविवाहित प्रमाणित	२००	
५३	जग्गा रेखाङ्कन सम्बन्धी रोहवरमा बस्ने	५००	
५४	जग्गाधनी पुर्जा संशोधन/हराएको सिफारिस	५००	*
५५	पुर्जा घर कायम गर्न प्रमाणित	२००	
५६	अङ्ग्रेजी सिफारिस तथा प्रमाणित हरेक प्रकृतिको	प्रति चलानी १०००	
५७	मिलापत्र कागज तथा उजुरी दर्ता गराउने	क्रमशः १००० र २००	
५८	नयाँ व्यवसाय दर्ता सिफारिस	३००	
५९	व्यवसाय नवीकरण सिफारिस	५००	
६०	योजना सम्झौता तथा उपभोक्ता समिति दर्ता सिफारिस	१०००	
६१	उपभोक्ता समितिको बैंक खाता खोल्ने सिफारिस	२००	
६२	योजनाको कार्यसम्पन्न सिफारिस (श्रमदान बाहेक)	कूल लागतको ०.४ प्रतिशत	
६३	सर्जमिन मुचुल्का	५००	
६४	फर्म/कम्पनी सूची दर्ता	१०००	
६५	मृत्यु प्रमाणित	२००	
६६	निरक्षर सिफारिस	२००	
६७	कक्षा ८ को मूल प्रमाणपत्रको प्रतिलिपी	३००	
६८	मावि शिक्षक सरुवा सहमति अन्तर स्थानीय तह	८००	
६९	मावि शिक्षक सरुवा सहमति अन्तर जिल्ला/प्रदेश	१०००	
७०	आवि शिक्षक सरुवा सहमति अन्तर स्थानीय तह	५००	
७१	आ वि शक्षक सरुवा सहमति अन्तर जिल्ला/प्रदेश	७००	
७२	शिक्षक नियुक्ति पश्चात गाउँपालिकामा अभिलेखीकरण- आ वि	१०००	
७३	शिक्षक नियुक्ति पश्चात गाउँपालिकामा अभिलेखीकरण- मा वि	१५००	
७४	शिक्षक नियुक्ति पश्चात गाउँपालिकामा अभिलेखीकरण- बालविकास शिक्षक र विद्यालय सहायक	८००	
७५	शिक्षक नियुक्ति पश्चात गाउँपालिकामा अभिलेखीकरण- विद्यालय सहयोगी	५००	
७६	पारिवारिक विवरण सिफारिस/प्रमाणित	३००	
७७	धरौटी/फरफारक सिफारिस	धरौटी रकमको ०.४%	

७८	थर संशोधन सिफारिस	२००	
७९	अंशबण्डा सिफारिस	२००	
८०	अंश भरपाई सिफारिस	२००	
८१	तीन पुस्ता भित्रको हालैको बकस पत्र पारीत सिफारिस	२००	
८२	तीन पुस्ता बाहिरको हालैको बकस पत्र पारीत सिफारिस	२००	
८३	विवरण संशोधन सिफारिस	२००	
८४	राजिनामा पारीत सिफारिस	२००	
८५	वार्षिक आम्दानी प्रमाणित	आम्दानी रकमको ०.२%	
८६	बैंक खाता रकम फुकुवा सिफारिस	५००	
८६	अन्य सिफारिस	२००	

९.२. नाता प्रमाणित दस्तुर **-रकम रु.मा**

क.सं.	विवरण	दर	कै.
१.	नाता प्रमाणित दस्तुर	रु.२००	

९.३. व्यक्तिगत घटना दर्ता **-रकम रु.मा**

१.	जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद दर्ता (३५ दिनभित्र निशुल्क त्यसपछि जतिसुकै दिन भएपनि रु.	रु.२००	
२.	व्यक्तिगत घटना दर्ता प्रमाण प्रतिलिपी	रु. ५००	

अनुसूची -११
(दफा १२ सँग सम्बन्धित)
जलस्रोत सम्बन्धी अन्य दस्तुर

- रकम रु.मा

क.सं.	विवरण	शुल्क रकम	कै.
१	मुहान दर्ता	२०००	
२	नवीकरण	१०००	

अनुसूची -१२
(दफा १३ सँग सम्बन्धित)
परीक्षा आवेदन शुल्क

- रकम रु.मा

क.सं.	विवरण	शुल्क रकम	कै.
१	श्रेणीबिहीन कर्मचारी	३००	
२	सहायकस्तर चौथो/प्रावि तृतीय श्रेणी	५००	
३	सहायकस्तर पाँचौ/निमावि तृतीय	७००	
४	अधिकृतस्तर छैठौं/सातौं/आठौं/मावि तृतीय	१०००	
५.	उमावि शिक्षक	१२००	

अनुसूची -१३

(दफा १४ सँग सम्बन्धित)

अन्य प्रशासनिक सेवा शुल्क

- रकम रु. मा

क्र.सं.	विवरण	शुल्क रकम	कै.
१	सबै टेण्डर पत्र बिक्री दस्तुर	३०००	
२	सबै शिलबन्दी दरभाउ पत्र बिक्री दस्तुर	१०००	

अनुसूची -१४

(दफा १५ सँग सम्बन्धित)

पर्यटन शुल्क

- रकम रु. मा

क्र.सं.	विवरण	दर	कैफियत
१	दृश्यावलोकन	स्वदेशी रु.०, विदेशी रु.१००	
२	हिमाल आरोहण	स्वदेशी रु.०, विदेशी रु.१००००	
३	अध्ययन भ्रमण	स्वदेशी रु.५०, विदेशी रु.१००	
४	तीर्थ यात्रा	स्वदेशी रु.५०, विदेशी रु.१००	
५	तातोपानी प्रवेश/स्नान शुल्क	सम्बन्धित वडाको लागि निःशुल्क, पालिकाबासीका लागि रु २५, जिल्लाबासीका लागि रु १००, स्वदेशी नागरिकका लागि रु १५०, विदेशी नागरिकका लागि रु २००	जेष्ठ नागरिक, अपाङ्ग र विद्यार्थीका लागि ५०% छुट
७	जीवित सङ्ग्रहालय प्रवेश शुल्क	सम्बन्धित वडाको लागि निःशुल्क, पालिकाबासीका लागि रु २५, जिल्लाबासीका लागि रु ५०, स्वदेशी नागरिकका लागि रु १००, विदेशी नागरिकका लागि रु २००	

अनुसूची -१५

(दफा १६ सँग सम्बन्धित)

सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय

- रकम रु. मा

क्र.सं.	विवरण	दर	कै.
१	गाउँपालिकाको सभाहल (प्रतिदिन)	१५००	
२	साउण्ड सिस्टम (प्रतिदिन)	५००	
३	प्रोजेक्टर (प्रतिदिन)	५००	
४	एक्साभेटर/ब्याक हो लोडर (प्रति घण्टा)	जिल्ला दररेट अनुसार	
५	एम्बुलेन्स	जिल्ला दररेट अनुसार	